पाठ ३१

१. परमेश्वरले इज्रेलीहरूलाई मिश्रबाट निकालिसकेपछि तिनीहरूलाई कहाँ लैजान अगुवाइ गरिरहनुभएको थियो ?
- कनानको भूमिमा फिर्ता लैजाँदै हुनुहुन्थ्यो ।

२. परमेश्वरले इज्रेलीहरूलाई दिनमा कसरी अगुवाइ गर्नुभयो ?
- बादलद्वारा ।

३. परमेश्वरले इज्रेलीहरूलाई रातमा कसरी अगुवाइ गर्नुभयो ?
- आगोको खामोद्वारा ।

४. परमेश्वरले किन इज्रेलीहरूलाई लाल समुद्रको किनारामा अगुवाइ गर्नुभयो ।
- परमेश्वर मिश्रीहरू र इज्रेलीहरू दुवैलाई उहाँ मात्रै परमेश्वर हुनुहुन्छ भनी देखाउन चाहनुहुनथ्यो ।

५. फारो र तिनको सेना फेरि तिनीहरूलाई पक्रिन आइरहेको देखेपछि इज्रेलीहरूले के गरे ?
- इज्रेलीहरूले मोसालाई दोष लगाए र भनेकी कि तिनीहरू मिश्रमै बसेका भए हुनेथियो ।

६. के इज्रेलीहरू आफ्नो रक्षा गर्न समर्थ थिए ?
- थिएनन् ।

७. किन इज्रेलीहरू आफै आफ्नो रक्षा गर्न समर्थ थिएनन् ?
- लाल समुद्र तिनीहरूको अगाडि थियो, तिनीहरूका दुवैतर्फ पर्वत थियो फारो र तिनका सेनाहरू पछाडि थिए ।

८. इज्रेलीहरूलाई बचाउन सक्नुहुने को मात्रै थियो ?
- परमेश्वर ।

९. परमेश्वरको निम्ति लाल सागरलाई दुई फ्याक गर्नु किन गाह्रो काम थिएन ?
- किनभने लाल सागरलाई परमेश्वरले बनाउनुभएको हो ।
- किनभने समुद्रहरूको मालिक परमेश्वर हुनुहुन्छ ।
- किनभने परमेश्वर सर्वशक्तिमान हुनुहुन्छ र सबै थोक गर्न सक्नुहुन्छ ।

१०. किनभने फारो र तिनको सेना इज्रेलीहरुलाई फेरि पक्रिन आइरहेको थियो त्यसैले तिनीहरूलाई बचाउन परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले इज्रेलीहरू र फारो तथा तिनको सेनाको बीचमा एउटा बादल राख्नुभयो ।
- बादलले इज्रेलीहरूको निमित्ति प्रकाश दियो तर फारो र तिनको सेनातर्फ भने अन्धकार भयो ।

- फारो र तिनको सेनाले इज्रेलीहरूलाई लाल सागरसम्मै खेदेपछि परमेश्वरले के भन्नुभयो ?
- परमेश्वरले फारो र तिनको सेनालाई लाल सागरमा खसाल्नुभयो ।

१२. परमेश्वरले किन इज्रेलीहरूको रक्षा गर्नुभयो ।

- किनभने परमेश्वरले अब्राहाम र इज्रेलीहरूद्वारा उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभएको थियो ।
- किनभने परमेश्वरले अब्राहाम र इज्रेलीहरूद्वारा उहाँको बाइबल पठाउने प्रतिज्ञा गर्नुभएको थियो ।

- फारो र तिनको सेनाको सर्वनाश गरिकेपछि परमेश्वरले इज्रेलीहरूलाई कतातर्फ अगुवाइ गर्नुभयो ?

- मरुभूमितर्फ ।

- मरुभूमि भनेको के हो ?
- मरुभूमि भनेको केवल बालुवा नै बालुवा भएको ठाउँ हो ।

- मरुभूमिमा माटो रत्तिभर हुँदैन ।
- मरुभूमिमा घाँस रत्तिभर हुँदैन ।
- मरुभूमिमा रूख रत्तिभर हुँदैनन् ।

- मरुभूमिमा केवल बालुवा मात्रै हुन्छ ।

- परमेश्वरले इज्रेलीहरूलाई मरुभूमिमा अगुवाइ गरिरहेको बेलामा इज्रेलीहरूले के गरे ?

आउनुस् प्रस्थान १६:१-३ पद पढौं ।

त्यसपछि ती मानिसहरूले एलीमबाट यात्रा शुरू गरेर एलीम र सीन बीचको सीनै मरुभूमिमा आइपुगे। तिनीहरू त्यस स्थानमा मिश्र देश छोडेको दोस्रो महीनाको पन्ध्रौं दिनमा आइपुगे। [2] इस्राएलका मानिसहरू फेरि गुनासो गर्न थाले। मानिसहरूले मरुभूमिमा मोशा र हारूनको विरूद्ध गुनासो गरे। [3] मानिसहरूले भने, "यदि परमप्रभुले हामीलाई मिश्र देशमा नै मर्न दिनु भएको भए राम्रो हुने थियो त्यहाँ हामीलाई खानलाई प्रशस्त अन्न थियो। जे होस् त्यहाँ हाम्रो निम्ति हामीले मागेको प्रशस्त खाने कुरो थियो। हामीलाई आवश्यक परेका सबै खाध्यहरू थिए तर अहिले तिमीहरूले हामीहरूलाई यहाँ मरुभूमिमा ल्यायौ अब हामी भोकैले मर्ने भयौं।"

- इज्रेलीहरूले मोसा र हारूनको आलोचना गरे ।

- इज्रेलीहरूले किन मोसा र हारूनको आलोचना गरे ?

- किनभने तिनीहरूसँग खानको लागि केही पनि थिएन ।

- इज्रेलीहरूसँग किन खानको लागि केही पनि थिएन ?

- किनभने मरुभूमिमा कुनै खाना थिएन ।
- त्यहाँ केवल बालुवा मात्रै थियो ।

- के मोसा इज्रेलीहरूको निम्ति मरुभूमिमा खाना खोज्न सक्थे ?
- सक्दैनथे ।

- किन मोसा इज्रेलीहरूको निम्ति मरुभूमिमा खाना खोज्न सक्दैनथे ?

- किनभने मरुभूमिमा कुनै खाना पाइदैन्थ्यो ।

- के इज्रेलीहरू तिनीहरूको निम्ति मरुभूमिमा खानेकुरा खोज्न सक्थे ?
- सक्दैनथे ।

- इज्रेलीहरू तिनीहरूको निम्ति मरुभूमिमा किन खाना खोज्न सक्दैनथे ?

- किनभने मरुभूमिमा कुनै खाना पाइदैनथ्यो ।

- मरुभूमिमा इज्रेलीहरूको निम्ति खाना दिनसक्ने को मात्रै हुनुहुन्थ्यो ?

- परमेश्वर ।

- के इज्रेलीहरूले परमेश्वरले मरुभूमिमा तिनीहरूलाई खाना दिनुहुनेछ भनी विश्वास गरे ?
- गरेनन् ।

- परमेश्वरले मरुभूमिमा तिनीहरूलाई खाना दिनुहुनेछ भनी विश्वास गर्नुको साटो इज्रेलीहरूले के गरे ?

- मोसा र हारूनको विरुद्धमा गनगन गरे ।

- के परमेश्वरले इज्रेलीहरूले मोसा र हारूनको विरुद्धमा गरेको गनगन सुन्नुभयो ?
- सुन्नुभयो ।

- परमेश्वरले मोसासँग के भन्नुभयो ?

आउनुस् प्रस्थान १६:११-१२ पद पढौं ।

[11] परमप्रभुले मोशालाई भन्नुभयो, [12] "मैले इस्राएलीहरूको गुनासो सुनेको छु। यसर्थ तिनीहरूलाई भन, 'तिनीहरूले आज रातीमासु खानेछन् र बिहान रोटी खानेछन्। तब तिमीहरूले जान्नेछौ म नै परमप्रभु तिमीहरूको परमेश्वर हुँ।'"

- परमेश्वरले इज्रेलीहरूलाई उहाँले खाना दिनुहुनेछ भन्नुभयो ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरमा भरोसा गरेनन् तर पनि परमेश्वरले तिनीहरूलाई खाना दिनेछु भन्नुभयो ।
- यद्यपि इज्रेलीहरूले परमेश्वरमा भरोसा नगरे तापनि परमेश्वरले तिनीहरूको सहायता गरिरहनुभएको थियो ।
- परमेश्वरमा विश्वास नगर्ने मानिसहरूलाई पनि परमेश्वर किन सहायता गर्नुहुन्छ ?

- किनभने सबै मानिसहरूलाई परमेश्वरले बनाउनुभएको हो ।
- किनभने सबै मानिसहरूलाई परमेश्वर प्रेम गर्नुहुन्छ ।

- किनभने परमेश्वर सबै मानिसहरू बाँचेको चाहनुहुन्छ ।
- किनभने सबै मानिसले उहाँमा विश्वास गरेको परमेश्वर चाहनुहुन्छ ।

- के हामीले परमेश्वरमा भरोसा राखेनौं भने के उहाँले हामीलाई बचाउनुहुन्छ ?
- बचाउनुहुन्न ।
- के परमेश्वरले इज्रेलीहरूलाई भोकले मर्न दिनुभयो ?
- के परमेश्वरले इज्रेलीहरूलाई खाना दिनुभयो ?

आउनुस् प्रस्थान १६:१३क पद पढौं ।

[13] त्यस रात बट्टाई चराहरू छाउनी वरिपरि आए।

- परमेश्वरले साँझमा इज्रेलीहरूलाई खान दिनुभएको मासु के को थियो ?
- बट्टाइँ चराको ।

- त्यहाँ धेरै बट्टाइँ चरा आएर इज्रेलीहरूको पाल ढाके ।

- अर्को बिहान परमेश्वरले इज्रेलीहरूलाई बिहानको भोजन दिनुभयो ।

आउनुस् प्रस्थान १६:१३ख-१५ र ३१ पद पढौं ।

बिहान त्यहाँतिर सबै छाउनी वरिपरि शीत पारेको थियो। [14] जब शीत सुक्यो भुइँमा पातलो तुसारोको पलाक जस्तो थियो। [15] इस्राएलीहरूले यी सबै देखेर एक अर्कामा सोधे, "यो के हो?" [a] तिनीहरूले सोधे किनभने तिनीहरूलाई थाहा थिएन यो के थियो। तब मोशाले तिनीहरूलाई भने, "यो परमप्रभुले तिमीहरूलाई दिनु भएको भोजन हो!

[31] इस्राएलीहरूले त्यस विशेष भोजनलाई "मन्न"e भन्न थाले। मन्न मसिनो धनियाँको बिऊ जस्तो सेतो थियो अनि खाँदा मह मिसाएर बनाएको पातलो रोटी जस्तै स्वादिलो थियो।

- परमेश्वरले इज्रेलीहरूलाई अर्को बिहान दिनुभएको भोजन के थियो ?

- परमेश्वरले तिनीहरूलाई दिनुभएको भोजन रोटी थियो ।

- रोटी पालभरि छरिएको थियो ।

- इज्रेलीहरूले परमेश्वरले स्वर्गबाट खसाल्नुभएको त्यस रोटीको नाउँ के राखे ?
- मन्न ।

- हरेक बिहान परमेश्वरले शीत छारेझैं इज्रेलीहरूको भोजनका निम्ति स्वर्गबाट मन्न झार्नुभयो ।

- परमेश्वरले हरेक बिहान स्वर्गबाट झार्नुहुने मन्न परमेश्वरको अनुग्रहको प्रतीक हो ।

- यद्यपि आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लङ्घन गरे तर परमेश्वरले उहाँको अनुग्रहमा हामीलाई बचाउन उद्धारकर्ता पठाउने प्रतिज्ञा गर्नुभयो ।

- यद्यपि नोआ र तिनको परिवारले पाप गरेका थिए तर परमेश्वरले उहाँको अनुग्रहमा तिनीहरूको परिवारलाई बाढीबाट बचाउनुभयो ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेनन् तर परमेश्वरले उहाँको अनुग्रहमा तिनीहरूलाई मिश्रीहरूको दासत्वबाट निकाल्नुभयो ।

- यद्यपि इज्रेलीहरूले परमेश्वरमा विश्वास गरेनन् तर पनि परमेश्वर तिनीहरूलाई बचाउन सक्षम हुनुहुन्थ्यो त्यसैले परमेश्वरले लाल सागर खलिदिनुभयो ताकि इज्रेलीहरू फारो र तिनको सेनाबाट बचून् ।

- यी सबै कुराहरू परमेश्वरको अनुग्रहका चिन्नहरू हुन् ।

- इज्रेलीहरू मरुभूमिमा रहेका सबै वर्षहरूमा परमेश्वरले तिनीहरूलाई मन्न दिनुभयो ।

आउनुस् प्रस्थान १६:३५ पद पढौं ।

35 इस्राएलीहरू 40 बर्षसम्म मन्न खाँदै बसे। तिनीहरूले तबसम्म मन्न खाए जबसम्म तिनीहरू जुन भूमिमा बस्नु थियो त्यहाँ आई पुगेनन्। तिनीहरूले कनान प्रदेश नजिकै नपुगुन्जेल मन्न खाए।

- परमेश्वरले एकदिन पनि इज्रेलीहरूलाई मन्न दिन भुल्नुभएन ।
- परमेश्वर उहाँको प्रतिज्ञा जहिल्यै कायम राख्नुहुन्छ ।

- यद्यपि परमेश्वरले तिनीहरूलाई बट्टाइँको मासु र मन्न खान दिनुभयो तर पनि इज्रेलीहरूले फेरि गनगन गरे ।

आउनुस् प्रस्थान १७:१-४ पद पढौं ।

सीनैको मरुभूमिबाट सबै इस्राएली दलसँगै यात्रा गरे। परमप्रभुको आज्ञा अनुसार तिनीहरू एक ठाउँदेखि अर्को ठाउँ यात्रा गरे। जब तिनीहरू रपीदीम पुगे त्यही छाउनी बनाए। त्यस ठाउँमा मानिसहरूको निम्ति पिउने पानी थिएन। 2 यसर्थ तिनीहरू मोशाको विरोधमा कुरा गर्न लागे अनि तिनीहरूले भने, "हामीलाई पिउने पानी देऊ।"

मोशाले तिनीहरूलाई भने, "तिमीहरू किन मसित बहस गर्छौ? किन परमप्रभुको परीक्षा लिन्छौ?"

3 तर मानिसहरू पानीको निम्ति साह्रै तिर्खाएका थिए, यसर्थ तिनीहरूले लगातर मोशा विरूद्ध गन-गन गरिरहे। मानिसहरूले भने, "किन तिमीले हामीलाई मिश्र देशबाट बाहिरा ल्यायौ? के तिमीले हामी हाम्रा बाल-बच्चा तथा गाई-वतुहरू सबै पानी बिना मरून् भनी लिएर आएका हौ?"

4 अनि मोशाले परमप्रभुलाई विन्ती गरे, "म यी मानिसहरूसित के गर्न सक्छु? तिनीहरू मलाई मार्न तैयार छन्।

- इज्रेलीहरूले किन गनगन गरे ?

- किनभने तिनीहरूलाई पिउनको लागि पानी थिएन ।

- इज्रेलीहरूलाई किन पानी भएन ?

- किनभने तिनीहरू मरूभूमिमा थिए ।
- किनभने मरूभूमिमा पानी रत्तिभर हुँदैन ।
- के मोसा मरूभूमिमा इज्रेलीहरूका निम्ति पानी खोज्न सक्षम थिए ?
- थिएनन् ।

- किन मोसा मरूभूमिमा इज्रेलीहरूका निम्ति पानी खोज्न सक्षम थिएनन् ?
- किनभने मरूभूमिमा पानी रत्तिभर हुँदैन ।

- के इज्रेलीहरू मरूभूमिमा तिनीहरूका निम्ति पानी खोज्न सक्षम थिए ?

- थिएनन् ।

- किन इज्रेली मरूभूमिमा इज्रेलीहरूका निम्ति पानी खोज्न सक्षम थिएनन् ?

- किनभने मरूभूमिमा पानी रत्तिभर हुँदैन ।

- को मात्रै इज्रेलीहरूलाई मरुभूमिमा पानी दिन सक्नुहुन्थ्यो ।
- परमेश्वर ।

- के इज्रेलीहरूले मरुभूमिमा परमेश्वरले तिनीहरूलाई पानी दिनसक्नुहुन्छ भनी विश्वास गरे ?
- गरेनन् ।

- परमेश्वरले तिनीहरूलाई मरुभूमिमा पानी दिन सक्नुहुन्छ भनि विश्वास गर्नुको साटो इज्रेलीहरूले के गरे ?

- तिनीहरूले मोसा र हारूनको आलोचना गरे ।

- के परमेश्वरले इज्रेलीहरूले मोसा र हारूनको विरुद्धमा गरेको गनगन सुन्नुभयो ?
- सुन्नुभयो ।

- के परमेश्वरले इज्रेलीहरूलाई प्यासले मर्न दिनुभयो ?
- दिनुभएन ।

आउनुस् प्रस्थान १७:५-६ पद पढौं ।

[5] परमप्रभुले मोशालाई भन्नुभयो, “इस्राएली मानिसहरूअघि जाऊ र तिनीहरूबाट केही
बूढाप्रधानहरूलाई तिमीसँगै लैजाऊ। र आफ्नो लहुरो पनि ल्याऊ। त्यो लहुरो त्यही हो जुन तिमीले
नील नदीमा हिर्काउनमा प्रयोग गरेका थियौ। [6] म तिमीहरूको अघि होरेबमा सिनै पर्वतको
चट्टानमाथि म हुनेछु। त्यो लहुरोले चट्टानलाई हिर्काउ अनि त्यो चट्टानबाट पानी निस्कनेछ, तब
मानिसहरूले त्यो पानी पिउन सक्छन्।”

- परमेश्वरले मोसालाई पानी पाउन के गर्न भन्नुभयो ?

- परमेश्वरले मोसालाई तिनको लौराले पत्थरमा हिर्काउन भन्नुभयो ।

- यदि मोसाले परमेश्वरले भनेको मान्थे भने उहाँले इज्रेलीहरूको लागि पत्थरबाट पानी निकाल्नुहुनेथियो ।

- को मात्रै मरुभूमिमा इज्रेलीहरूको निम्ति पत्थरबाट पानी निकाल्न सक्नुहुन्थ्यो ?

- परमेश्वर ।

- के मोसाले परमेश्वरको आज्ञा माने ?

आउनुस् उत्पत्ति १७:६ख पद पढौं ।

मोशाले त्यही गरे जुन इस्राएलका बूढा-प्रधानहरूले त्यो देखे।

- मोसाले परमेश्वरको आज्ञा माने ।

- मोसाले परमेश्वरले भन्नुभएजस्तै गरी पत्थरमा लौरीले हिर्काए ।
- किनभने मोसाले परमेश्वरको आज्ञा पालन गरे त्यसैले परमेश्वरले इज्रेलीहरूलाई पिउनको लागि पानी दिनुभयो ।

- जब हामी परमेश्वरको आज्ञा पालन गर्छौं उहाँले हामीलाई बचाउनुहुन्छ ।
- जब हामी परमेश्वरको आज्ञा पालन गर्दैनौं उहाँले हामीलाई बचाउनुहुन्न ।

- हामीले परमेश्वरको आज्ञा उहाले भनेअनुसार पालन गर्नुपर्छ ।

- हामी परमेश्वरको आज्ञा हाम्रै तरिकाले हिँडेर पालन गर्न सक्दैनौं ।

- यदि हामी आफ्नै बाटोमा हिँड्यौं भने परमेश्वरले हामीलाई बचाउनुहुनेछैन ।
- परमेश्वरले हामीलाई त्यतिबेला मात्रै बचाउनुहुन्छ जब हामी उहाँको तरिकामा हिँड्छौं ।

- कसले मात्रै हामीलाई पापको शक्तिबाट बचाउन सक्नुहुन्छ ?
- केवल परमेश्वरले ।

- कसले मात्रै हामीलाई मृत्युको शक्तिबाट बचाउन सक्नुहुन्छ ?
- केवल परमेश्वरले ।

- कसले मात्रै हामीलाई शैतानको शक्तिबाट बचाउन सक्नुहुन्छ ?
- केवल परमेश्वरले ।

- के परमेश्वरले इज्रेलीहरूलाई तिनीहरूले निर्णय गरेको तरिकाबाट बचाउनुभयो ?
- बचाउनुभएन ।

- परमेश्वरले इज्रेलीहरूलाई कसरी बचाउनुभयो ?
- परमेश्वरले तय गर्नुभएको तरिकाअनुसार ।

- परमेश्वरले सबै मानिसहरूलाई कसरी बचाउनुहुन्छ ?
- परमेश्वरले तय गर्नुभएको तरिकाअनुसार ।